# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETINS

**BROADCAST 18.40HRS** **DATE 16.03.2024**

- **Election Schedule Deleration**

निर्वाचन आयोगले आगामी लोकसभा चुनाउका निम्ति आज मितिको घोषणा गरेको छ। यसका साथै आयोगले सिक्किम, ओडिसा, आन्ध्र प्रदेश र अरूणाचल प्रदेशमा विधानसभा चुनाउको पनि घोषणा गरेको छ। सात चरणमा हुने लोकसभा चुनाउको शुरूवात आगामी महिनाको उन्नाइस तारिकका दिन एक सय दुई सिटबाट हुनेछ। यसै दिन सिक्किम विधानसभाका निम्ति पनि मतदान हुनेछ। दोस्रो चरणमा छब्बीस अप्रेलका दिन उननब्बे सिटका निम्ति मतदान हुनेछ। सात मईका दिन हुने तेस्रो चरणमा चौरनब्बे सिटमा, तेह्र मईका दिन चौथो चरणमा छयानब्बे सिटमा, पाँचौं चरणमा बीस मईका दिन उन्चास सिटमा अनि छैटौं चरणमा पच्चीस मईका दिन सन्ताउन सिटका निम्ति मतदान हुनेछ। लोकसभा चुनाउको सातौं अनि अन्तिम चरणको मतदान एक जूनका दिन सन्ताउनवटा संसदीय सिटका निम्ति हुनेछ अनि मतगणना चार जूनमा हुनेछ। नयाँ दिल्लीमा चुनाउको मितिको घोषणा गर्दै मुख्य निर्वाचन आयुक्त श्री राजीव कुमारले भन्नुभयो, चुनाउको घोषणासितै आदर्श आचार संहिता लागू भएको छ। उहाँले भन्नुभयो, निर्वाचन आयोग भारतीय लोकतन्त्रको सबैभन्दा ठूलो पर्वका लागि पूर्णरूपमा तयार छ। मुख्य निर्वाचन आयुक्तले देशमा सन्तनब्बे करोड पंजीकृत मतदाता रहेको र मतदानका लागि साढे दस लाख मतदान केन्द्र बनाइएको बताउनुभयो, जहाँ डेढ करोड चुनाउ कर्मीहरूलाई तैनात गरिनेछ। श्री कुमारले भन्नुभयो, आयोगले पचासी वर्षभन्दा माथिको आयुका र दिव्याङ्गजनलाई घरबाटै मतदान गर्ने सुविधा प्रदान गर्नेछ। विद्यमान लोकसभाको कार्यकाल यसै वर्ष सोल्ह जूनमा समाप्त हुनेछ।
राजनीतिक दलहरूले लोकसभा र केही राज्यमा हुने विधानसभा चुनाउको घोषणाको स्वागत गरेका छन्।

----------------------------------------X----------------------------------------

- **CM**

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले एसकेएम नेतृत्वको सरकारका लागि पाँच वर्षको कार्यकाल अविश्वसनीय भएको बताउँदै सिक्किमवासीलाई उनीहरूको विश्वास र समर्थनका निम्ति आभार व्यक्त गर्नुभएको छ। उहाँले आफ्नो आधिकारिक सोसल मिडिया पेजमार्फत राज्यपाल, मन्त्री परिषदका सदस्य, विधायकगण, सांसदगण, सल्लाहकारगण, अध्यक्षगण, अन्य विशिष्ट व्यक्तिहरू, मुख्य सचिव, DGP, विभागीय प्रमुख, अधिकारीगण, सरोकारवाला, गैर सरकारी संस्थाहरू, समाज, क्लब, विभिन्न संघसंस्था र समर्पित कर्मचारीहरूप्रति आभार व्यक्त गर्नुभएको छ। श्री तामाङले सामूहिक योगदानले आफ्नो सरकारमा दिगो प्रभाव छोडेको अनि सिक्किमेको जीवनस्तरमा उल्लेखनीय सुधार भएको बताउनुभएको छ।

----------------------------------------X----------------------------------------

- **Training for Campus Ambassadors**

गेजिङको क्योङसास्थित जिल्ला पञ्चायत भवनको सम्मेलन कक्षमा आज चुनावी साक्षरता क्लबका नोडर अधिकारी एवं क्याम्पस एम्बासेडरहरूका निम्ति व्यापक प्रशिक्षण सत्रको आयोजना गरियो। गेजिङकी अतिरिक्त जिल्लाधिश सुश्री परी बिस्नोइको दिशानिर्देशमा सम्पन्न प्रशिक्षणको उद्देश्य प्रतिभागीहरूलाई चुनावी साक्षरता र निर्वाचन प्रक्रियामा उनीहरूको भूमिका सम्बन्धी आवश्यक ज्ञान र सीपका साथ सशक्त बनाउनु हो। सुश्री बिस्नोइले नशा मुक्ति भारतको महत्त्वमाथि जोड दिँदै सत्रमा क्लबहरूको भूमिकाबारे छलफलमा सहभागीहरूलाई संलग्न गराउनुभयो। यस अवसरमा आदर्श आचार संहिता, जिला निर्वाचन अधिकारी, निर्वाचन अधिकारी, पीठासीन अधिकारी र विभिन्न चुनाउ सम्बन्धी शर्तको महत्त्व जस्ता आधारभूत विषयवस्तुमाथि चर्चा गरियो।

----------------------------------------X----------------------------------------

- **Training with PwD Polling Parties**

दिव्याङ्गजनहरूको मतदान टोलीहरूका लागि प्रशिक्षण सत्र आज जिल्ला प्रशासनिक केन्द्र गान्तोकको मिनि सम्मेलन कक्षमा सम्पन्न भयो। गान्तोकका अतिरिक्त जिल्लाधिश श्री रोहन अग्वानेले टोलीहरूलाई प्रशिक्षण दिँदै भन्नुभयो, यस पहलको उद्देश्य समावेशिता सुनिश्चित गर्नु र दिव्याङ्गजनहरूलाई चुनावी प्रक्रियामा सक्रिय रूपमा भाग लिने अवसर प्रदान गर्नु हो। प्रशिक्षण कार्यक्रमको प्राथमिक उद्देश्य दिव्याङ्गजनहरूलाई निर्बाध मतदान अनुभव प्रदान गर्न मतदान कर्मीहरूलाई आवश्यक ज्ञान, कौशल र संवेदनशीलताका साथ सक्षम बनाउनु हो।

----------------------------------------X----------------------------------------

- **CM Distributes Cheques**

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आज विभिन्न क्षेत्रमा वित्तीय सहायताको माध्यमबाट उद्यमशीलता, साक्षरता प्रवर्द्धन, कृषि र पूर्वाधार मरम्मतसहित व्यक्तिविशेष र संगठनहरूलाई सशक्त बनाउने उद्देश्यले लाभार्थीहरूलाई सहायता प्रदान गर्न मुख्यमन्त्री विवेकाधीन अनुदान र मुख्यमन्त्री राहत कोषबाट लगभग तीन सयवटा चेक प्रदान गर्नुभयो। यस अवसरमा बोल्दै मुख्यमन्त्रीले विगत पाँच वर्षमा मुख्यमन्त्री विवेकाधीन अनुदान र मुख्यमन्त्री राहत कोषमार्फत निरन्तर सहयोगले सामाजिक-आर्थिक प्रगतिमा महत्त्वपूर्ण योगदान पुऱ्याउनका साथै धेरैको जीवनमा सकारात्मक प्रभाव पारेको बताउनुभयो। उहाँले यो पनि उल्लेख गर्नुभयो कि अधिकांश लाभार्थीहरू विपन्न व्यक्तिहरू छन्, जसलाई नोकरीको आदेश, स्थायी आदेश, पदोन्नती र ऋण प्राप्त भइरहेछ। यसपछि मुख्यमन्त्री कार्यालयद्वारा लाभार्थीहरूलाई GCI सिट्स, SGAY house allotments र नयाँ नोकरीको नियुक्ति पत्र प्रदान गरियो। यसका निम्ति लाभार्थीहरूले मुख्यमन्त्रीप्रति कृतज्ञता व्यक्त गरेका छन्।

----------------------------------------X----------------------------------------

- **Meeting with DPDC**

जिल्ला पञ्चायत विकास योजनाका लागि जिल्ला पञ्चायत विकास योजना समितिको पहिलो बैठक आज पाकिमको ग्रामीण विकास विभागस्थित रूर्बन सामुदायिक परिसरमा सम्पन्न भयो। पाकिमकी जिल्ला अध्यक्ष सुश्री लाडेन लह्मु भोटियाको अध्यक्षतामा सम्पन्न सभामा जिल्लाधिश श्री टाशी छोपेलको विशेष उपस्थिति थियो। जिल्ला अध्यक्षले सबै जिल्ला पञ्चायत सदस्यहरूलाई आफ्ना योजनाहरू अघि राख्ने आग्रह गर्दै समग्र विकासका निम्ति एउटा लक्ष्य निर्धारित गर्ने अनुरोध गर्नुभयो। उहाँले सदस्यहरूसित मानिसहरूको भलाइका निम्ति कार्य गर्ने निर्देश पनि दिनुभयो।

----------------------------------------X----------------------------------------